# स्थानीय राजपत्र

## मायादेवी गाउँपालिका, रुपन्देहीद्वारा प्रकाशित

खण्डः ५ संख्याः ०१ मितिः २०७८/०७/१०


### भाग - २

### स्थानीय सरकार

### मायादेवी गाउँपालिका, रुपन्देहीको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम मायादेवी गाउँपालिकाको, गाउँ कार्यपालिकाले बनाएको तल उल्लेख भए बमोजिमको **"खानेपानी/साना सिंचाई कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड २०७८"** सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# खानेपानी/साना सिंचाई कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७८

**प्रस्तावनाः**

मायादेवी गाउँपालिकाको प्रमुख खानेपानीको श्रोत हेण्डपम्प रहेको हुँदा गरिब तथा बिपन्न परिवारलाई प्राथमिकतामा राखि स्वच्छ खानेपानीको व्यवस्था पुऱ्याउने उद्देश्यले यस मायादेवी गाउँपालिकालाई प्राप्त हुने अनुदानबाट अधिकतम सुविधा पुऱ्याउनको लागि स्वच्छ खानेपानी कार्यक्रम सञ्चालन गर्न र यस गाउँपालिकाको प्रमुख आय श्रोत कृषि तथा पशुपालन रहेकोले कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाइ कृषकहरूलाई आत्मनिर्भर र कृषिमा व्यवसायीकरण बनाउन सिंचाईको सुविधा नपुगेको खेती योग्य जमिनमा सिंचाई सुविधा उपलब्ध गराउन साना सिंचाई कार्यक्रम सञ्चालन गरी तपसिल अनुसारको मापदण्डको अधीनमा रही कार्यक्रम सञ्चालन हुनेछ। यसबाट खानेपानी/सिंचाई सुविधा प्राप्त नभएका लाभग्राही/कृषकले स्वच्छ खानेपानी पाउनुको साथै सिंचाई सुविधा प्राप्त भई कृषि उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको छ।

**तपसिल**

१. यो मापदण्ड आ.व.२०७८/०७९ देखि लागु हुनेछ ।
२. यो कार्यक्रम मायादेवी गाउँपालिका भरी सञ्चालन हुनेछ ।
३. यो कार्यक्रममा गरिब तथा विपन्न वर्गका खानेपानीको सुविधा प्राप्त नभएका र खेती गर्ने कृषक परीवारलाई बढी प्राथमिकता दिइनेछ ।
४. यो कार्यक्रम भै.लु.भू.ज. बोरिङ र नहर कुलोको सिंचाई नलाग्ने जग्गामा सञ्चालन हुनेछ।
५. यो कार्यक्रममा व्यवसायीक तरकारी खेती, केरा, फलफूल खेती गर्ने कृषकलाई बढी प्राथमिकता दिइनेछ ।
६. यो कार्यक्रमबाट खानेपानी/साना सिंचाईका लागि प्रयोग हुने सामाग्री हेण्डपम्प, UPVC पाइप, डेलिभरी पाइप र पानी तान्ने पम्पसेट आवश्यकता अनुसार उपलब्ध गराइनेछ।
७. यो कार्यक्रममा समावेश हुन गाउँपालिकामा माग दर्ता वा निवेदन दिनु पर्नेछ ।

८. प्राप्त माग/निवेदनहरू मायादेवी गाउँपालिकाको अध्यक्ष/उपाध्यक्ष/वडा अध्यक्षको सिफारिसमा लाभग्राही छनौट गरी वितरण गरिनेछ।

९. यस कार्यक्रम अन्तर्गत लाभग्राही/कृषक छनौट गर्दा विगत १ बर्ष भित्र गाउँपालिका वा वडा कार्यालयबाट कुनै किसिमको खानेपानी/साना सिंचाई सम्बन्धी सुविधा प्राप्त नगरेको हुनु पर्नेछ।

१०. छनौट भएका लाभग्राही/कृषकलाई खानेपानी/साना सिंचाई कार्यक्रमबाट खरिद भएका सामाग्रीहरु उपलब्ध गराइनेछ ।

११. कार्यालयबाट उपलब्ध सामाग्रीहरु (हेण्डपम्प, UPVC पाइप, डेलिभरी पाइप र पम्पसेट) प्राप्त भए पश्चात् लाभग्राही, कृषकहरूले खानेपानी/साना सिंचाई कार्यक्रममा मात्र प्रयोग गर्नु पर्नेछ ।

१२. खानेपानी/साना सिंचाईको लागि आवश्यक पर्ने अन्य सामाग्री लाभग्राही/कृषक स्वयंले व्यवस्था गर्नु पर्नेछ ।

१३. कार्यालयबाट उपलब्ध गराइएका सामाग्रीहरु (हेण्डपम्प, UPVC पाइप, डेलिभरी पाइप र पम्पसेट) सदुपयोग भए नभएको निरिक्षण गर्दा दुरुपयोग भएको पाइएमा त्यस्तो लाभग्राही/कृषकलाई कालो सूचीमा राखि कारवाहीको दायरामा ल्याइनेछ।

१४. कार्यक्रम सञ्चालनको क्रममा कुनै विवाद सिर्जना भएमा मायादेवी गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

आज्ञाले

**ऋषिराम पन्थी**

प्रमुख प्रशासकीय अधिकृत